जि.प्र.का. सप्तरी द.नं. ३२/०४८/०४९ स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३५ अंक ८ २०८२ साल साउन १० गते शनिबार (26 July 2025 Saturday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागुऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

Log in : rajbirajdainik.com.np

यस अंक भित्र : २ पृष्ठमा : फितलो विपद् पूर्वतयारीले.. ३ पृष्ठमा : मनसुन प्रतिकूल बन्दा : धान ... ३ पृष्ठमा मणिपुरमा जारी राष्ट्रपति...

# मधेस प्रदेशमा ५०० 'डिप बोरिङ' जडान गर्ने प्रधानमन्त्रीको घोषणा

**दैनिक समाचारदाता**
**राजविराज, ९ साउन ।**

मधेस प्रदेशमा पानीको आवश्यकता पूरा गर्न तत्काल ५०० 'डिप बोरिङ' जडान गरिने प्रधानमन्त्री केपी शर्मा ओलीले घोषणा गरेका छन् ।

महोत्तरी जिल्लाको मटिहानी नगरपालिका ८ स्थित विग्ही नदीमाथिको पुल र वडा नं ६ मा निर्मित प्रसूति गृहको उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले पानी नपरेर सिँचाइ र खानेपानीको सङ्कट झेलिरहेको मधेस प्रदेशमा तत्कालै ५०० वटा डिप बोरिङ जडान गरिने बताए ।

उनले मधेस प्रदेशका आठवटै जिल्लामा सिँचाइको व्यवस्थासहित खानेपानीको व्यवस्था गर्न सरोकार भएका पक्षसँग छलफल तथा समन्वय गरी यथाशक्य छिटो समस्या समाधान गर्ने प्रतिबद्धता व्यक्त गरे ।

सम्बोधनका क्रममा उनले मधेस प्रदेशको पूर्वी भागमा रहेको सप्तरी जिल्ला कोशी नदीसँग जोडिएकाले त्यहाँ कम समस्या रहेको चर्चा गर्दै बाँकी सातवटै जिल्लामा पानीको समस्या समाधान गर्नका लागि सरकार जुटिसकेको छ भने ।

प्रधानमन्त्री ओलीले मधेस प्रदेशलाई सङ्कटग्रस्त क्षेत्र घोषणा गरिसकेका सन्दर्भमा यस क्षेत्रका किसानसहित पानीको अभावका कारण प्रत्यक्ष रुपमा प्रभावित जनताका पक्षमा विशेष कार्यक्रम ल्याइने प्रतिबद्धता पनि व्यक्त गरे ।

यसअघि प्रधानमन्त्री केपी शर्मा ओलीले तराई-मधेसको सुक्खाग्रस्त क्षेत्रको अवलोकन गरेका थिए । हवाई उडानमार्फत अवलोकन गरेका प्रधानमन्त्री ओलीले अधिकांश जमिन सुक्खा देखिएको उल्लेख गरे ।

मधेस प्रदेशका आठ जिल्लामा अहिले खानेपानी तथा सिँचाइको सङ्कट उत्पन्न भएको छ ।

मधेस प्रदेशमा यस वर्ष लामो समयदेखि आकासे पानी परेको छैन । नदी तथा खोला, नहर, पोखरीका साथै चापाकलमा पानी अभाव भएपछि मधेस प्रदेशलाई सरकारले सुक्खाग्रस्त क्षेत्र घोषणा गरेको हो । मधेस प्रदेश सरकारले खानेपानी अभाव भएको क्षेत्रमा टचाङ्कर र दमकलबाट स्थानीयलाई खानेपानी उपलब्ध गराइरहेको छ । जलसतह घटेपछि यहाँ सिँचाइ प्रणालीमा प्रभाव परेको छ । साउनको दोस्रो हप्ता सुरु भए पनि धान रोपाइँ ५० प्रतिशत पनि नभएको मधेस प्रदेशको भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयले जनाएको छ ।

मन्त्रालयका अनुसार ९० प्रतिशत धानखेती रोपाइँ पूरा हुनुपर्नेमा अहिलेसम्म ४७ प्रतिशतमात्र धान रोपाइँ भएको छ । गत वर्ष सो अवधिमा ८० दशमलव ६ प्रतिशत धान रोपाइँ भएको थियो । मधेस प्रदेशमा पाँच लाख ४२ हजार ५८० हेक्टर खेतीयोग्य जमिन छ । जसमध्ये तीन लाख ७२ हजार ६४५ हेक्टर जमिनमा धानखेती भइरहेको छ । नदी र नहरको पानी तथा बोरिङ एवं पम्पको सहयोगमा धान रोपाइँ भएको हो । धान रोपिएको खेतमा पानी अभाव भएको छ ।

सिँचाइ अभावले धान उत्पादनमा कमि आए त्यसको असर कूल गार्हस्थ्य उत्पादन (जिडिपी) मा पर्ने मन्त्रालयलले जनाएको छ । चुरे क्षेत्रमा जथाभावी दोहनसँगै मधेसमा पानीको स्रोत कम हुँदै गएको वातावरण विद्हरुको भनाइ छ ।

सरकारले सुक्खाग्रस्त क्षेत्र घोषणा गरे पनि मधेसका किसानलाई के-कस्ता सुविधा दिनेबारे स्पष्ट हुन नसकिएको प्रा डा योगेन्द्र यादवले बताए । 'घोषणा गरेरमात्र हुँदैन आवश्यक मापदण्डका आधारमा काम गर्नुपर्छ", उनले भने ।

यही साउन ७ गते बसेको मन्त्रिपरिषद् बैठकले तीन महिनाका लागि मधेस-प्रदेशलाई विपद् सङ्कटग्रस्त क्षेत्र घोषणा गर्ने निर्णय गरेको थियो । वर्षाका समयमा पानी नपरेसँगै किसानको धान रोपाइँ प्रभावित भएपछि समस्यालाई कसरी समाधान गर्ने भन्नेमा प्रधानमन्त्री ओलीले यसअघि सम्बन्धित मन्त्री, प्रदेश सरकार र उच्चाधिकारीसँग छलफल गरेका थियो ।



प्रधानमन्त्री केपी शर्मा ओली तराई मधेसको सुक्खाग्रस्त क्षेत्रको अवस्था अवलोकन गर्नुहुँदै । प्रधानमन्त्री ओली मधेसको सुक्खा क्षेत्रको अवस्था र किसानका समस्या बुझ्न तथा महोत्तरी र बारामा हुने विभिन्न कार्यक्रममा सहभागी हुन त्यसतर्फ जानुभएको हो । ***तस्बिरः प्रधानमन्त्रीको सचिवालय/रासस***

# शिक्षक राय मृत फेला


**दैनिक समाचारदाता**
**राजविराज, ९ साउन ।**

बिहीबार साँझदेखी हराइरहेका सप्तरीका एक शिक्षक शुक्रबार मृत अवस्थामा फेला परेका छन् ।

सप्तरीको डाक्नेश्वरी नगरपालिका ६ बस्ने २७ वर्षिय रामकिशुन राय शुक्रबार बिहान मृत अवस्थामा फेला परेका हुन् । प्रहरीका अनुसार उनी बिहीबार साँझदेखी परिवारजनसँग सम्पर्कबिहीन भएका थिए ।

उनका आफन्तले इलाका प्रहरी कार्यालय पातो र इलाका प्रहरी कार्यालय कलयाणपुरमा निवेदन दिएपछी खोजतलासका क्रममा रायको मृत शरीर घरबाट करिब ५ सय मिटर टाढा रहेको कोशी नहरको छेउमा बिहान फेला परेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता प्रहरी नायब उपरिक्षक जितेन्द्र कुमार बस्नेतले जानकारी दिए ।

मृतकको शव पोष्टमार्टमका लागि स्थानीय गजेन्द्र नारायण सिंह अस्पतालमा पुऱ्याई घटना बारे थप अनुसन्धान भइरहेको उनको भनाई छ ।






# भिजिट भिसामा कुवेत जान लागेका ४७ महिला भारतबाट फर्काइए, गृहमन्त्रीद्वारा छानबिन गर्न प्रहरीलाई निर्देशन

काठमाडौँ, ९ साउन (रासस)।

भारतको राजधानी नयाँ दिल्लीस्थित अन्तरराष्ट्रिय विमानस्थलबाट भिजिट भिसामा कुवेत जान लागेको ४७ जना नेपाली महिलाहरूलाई नेपाल फर्काइएको छ।

दिल्ली विमानस्थलबाट एनओसीबिना कुवेत जान लागेका महिलाहरूलाई दिल्लीस्थित नेपाली दूतावाससितको समन्वयमा नियन्त्रणमा लिई स्थलमार्ग हुँदै बिहीबार राति रूपन्देही पुर्‍याइएको छ।

दिल्लीस्थित नेपाली दूतावासमा कार्यरत प्रहरी वरिष्ठ उपरीक्षक प्रकाश मल्लसहित दूतावासका कर्मचारीको टिमले महिलाहरूलाई सुनौली नाका हुँदै रूपन्देही पुर्‍याएर प्रशासनको जिम्मा लगाएको रूपन्देहीका प्रमुख जिल्ला अधिकारी वासुदेव घिमिरेले जानकारी दिनुभयो। प्रजिअ घिमिरेका अनुसार महिलाहरूलाई अहिले प्रहरीले काठमाडौँ ल्याइरहेको छ।

त्यसैगरी गृहमन्त्री रमेश लेखकले पक्राउ परेका महिलाहरूको विषयमा कडा अनुसन्धान गर्न प्रहरीलाई निर्देशन दिनुभएको छ। उक्त विषयमा गृहमन्त्री लेखकले मानव बेचबिखन ब्यूरोलाई आवश्यक छानबिन गरी दोषीलाई कारबाहीको दायरामा ल्याउन निर्देशन दिनुभएको गृह मन्त्रालयले जनाएको छ। मन्त्री लेखकले वैदेशिक रोजगारीमा अवैध रूपमा जाने विषयको गहन अनुसन्धान गर्न निर्देशन दिनुभएको हो।

# वीरगञ्ज नाकाबाट दुई हजार ३३७ थान विद्युतीय सवारीसाधन आयात

पर्सा, ९ साउन (रासस)।

वीरगञ्ज नाका हुँदै गत आर्थिक वर्षमा रु एक अर्ब ६४ करोड मूल्य बराबरका साना-ठूला दुई हजार ३३७ थान विद्युतीय सवारीसाधन आयात भएका छन्। भन्सार कार्यालयले गत आवमा विद्युतीय सवारीसाधनको आयातबाट रु एक अर्ब ८० करोड ४५ लाख राजस्व सङ्कलन गरेको हो।

वीरगञ्ज भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक दीपक लामिछानेले वीरगञ्ज नाका हुँदै विद्युतीयभन्दा इन्धनबाट चल्ने सवारीसाधन बढी भित्रिएका छन्। गत आवमा रु १२ करोड छ लाख मूल्य पर्ने १६ थान विद्युतीय जिप, कार र भ्यान आयात भएका छन्। ती सवारीसाधनको आयातबाट रु १९ करोड ७४ लाख राजस्व सङ्कलन भएको उहाँले जानकारी दिनुभयो।

सोही अवधिमा ५१ किलोवाटदेखि एक सय किलोवाट क्षमताका रु १३ करोड चार लाख मूल्य पर्ने ५० थान विद्युतीय जिप, कार र भ्यान आयात भएका छन्। एक सय एक किलोवाटदेखि दुई सय किलोवाट क्षमताका रु २४ करोड ८०

बाँकी तीन पृष्ठमा

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# फितलो विपद् पूर्वतयारीले निम्त्याउनसक्ने संकट

**सिङ्गबहादुर थापा**

सर्लाही, ९ साउन (रासस)।

मौसम पूर्वानुमान महाशाखाले यस वर्ष विगतकोभन्दा धेरै पानी पर्ने प्रक्षेपण गरेको छ। देशका अन्य भूभागमा पानी परिरहेको भए पनि मधेसमा मौसम राम्रोसँग बदली हुन सकेको छैन।

असार खडेरीमा बितेको मधेसमा धान रोपाइँ प्रभावित त भयो नै, खानेपानीकोसमेत सङ्कट गहिरिन थालेपछि चौतर्फी चिन्ता बढेको छ। आकाशको पानी पर्न नसकेपछि भूमिगत जलसतह गहिरिँदै गएको तथ्याङ्कले देखाएको छ। तराई मधेसको अहिलेको टड्कारो चिन्तासँगै अर्को विपत्तिको आँकलन स्थानीयले गर्न थालेका छन्। साउनको पहिलो हप्ता बित्नैलाग्दा झरी नदेखेका स्थानीय अब हुने वर्षाको रूप कस्तो होला भनेर चिन्तित बनेका हुन्।

यस वर्ष विगतकोभन्दा धेरै वर्षा हुने मौसम विज्ञहरूको यस पहिलाकै चेतावनी हो। यस अर्थमा यस वर्ष मधेसमा हुने वर्षा सामान्य हुनेछैन। असारभरि पानी पर्न नसकेको तराईमा साउनको पहिलो हप्ता पनि उस्तै गरी टर्ने हो की भन्ने चिन्ताले स्थानीयवासी चिन्तित छन्। सर्लाहीको लालबन्दी नगरपालिका-१३, सेती भिरका सन्तबहादुर रखाल मगरले यस वर्षको मौसमी अवस्थालाई ३२ वर्ष पहिलाको विपत्तीको पूर्वसङ्केतसँग तुलना गर्नुहुन्छ। यसरी ढिलोगरी भएको वर्षाले वितण्डा ल्याउने उहाँको अनुमान छ।

"विसं २०५० मा पनि यस्तै भएको थियो", उहाँले स्मरण गर्नुभयो, "असार पूरै सुक्खामै टरेको थियो। किसान खेती गर्न नपाएपछि अनिकालको चिन्ता गर्दै थिए। एक्कासी साउन ५ गते रातिबाट मुसलधारे वर्षा सुरु भयो। तीन दिन तीन रात आकाशले आँखै उघारेन। त्यसपछि देशको चारैतिर तहसनहसबाहेक केही थिएन।" यस वर्ष पानी नपरेपछि धान रोप्न नपाउनुभएको उहाँमा चामल किनेर खानुपर्ने चिन्तासँगै प्रतिकूल मौसमको डर देखिन्थ्यो।

"आफूले गरेको खेतीबाट चामल खान कहिले खाँचो भएको थिएन", उहाँले भन्नुभयो, "यसपाला किनेर खानुपर्ने भयो।" अन्नको जोहोभन्दा पनि मौसमको अबको वितण्डा के हुने ? भन्ने चिन्ताले उहाँलाई थप सताइरहेको छ। भौगोलिक अवस्थिति नबुझी बसेका वा बसाइएका मानव बस्ती र गरिएको विकासले प्राकृतिक विपत्तिको ठूलो जोखिम निम्त्याइरहेको जिल्लास्थित मानव अधिकार आयोगका प्रतिनिधि तथा पूर्वप्रधानाध्यापक रजनीकान्त झा बताउनुहुन्छ।

"यस्ता प्राकृतिक विपत्तिको मूल्याङ्कन मानिसले घर बनाउने, बसोबास गर्ने बेलामा गर्दैनन्", उहाँले भन्नुभयो, "जहाँ खाँबो गाड्न मिल्छ त्यहीं घर बनाइहाल्ने प्रचलनले हामी आफैँले विपत्ति निम्त्याइरहेका छौँ।" पानीको निकासा छेक्ने, सिमसार क्षेत्र पुर्ने, भिर काटेर घर बनाउनेजस्ता व्यवहारले पहिरो, डुबान, बाढीजस्तो चपेटामा पर्ने र जोखिम बढ्ने गरेको उहाँको भनाइ छ। यसतर्फ राज्यका कुनै निकायले ध्यान नदिएको झा बताउनुहुन्छ।

"सङ्घीयता कार्यान्वयनपछि गठित स्थानीय तहले गरेका विकासमा झन् कुनै निकास छैन", नागरिक समाजका महासचिव शिवचन्द्र चौधरीले भन्नुभयो, "जनप्रतिनिधि, ठेकेदार, अप्रेटर सबै इन्जिनियर उहाँहरु छ। आफैँले आफ्नो हिसाबले विकास गर्नुभएको छ। प्रकृतिले आफ्नो हिसाबले विनाश गर्ने पक्का छ।" प्राकृतिक हिसाबले बगेका खोला र खहरेलाई मानिसले तीव्र गतिमा आफ्नो स्वार्थअनुसार घुमाउने, खुम्च्याउने, पुर्ने गर्दा जोखिम बढेको उहाँले बताउनुभयो।

तराईको ठाउँमा पानीले निकास नपाउने हुँदा प्रत्येक वर्ष गाउँबस्ती डुबानमा पर्ने गरेको छ। धेरै खहरे खोला र सदाबहार नदीहरू उर्लिएर गाउँबस्तीमा पस्ने गरेका छन्। विपद् व्यवस्थापन समिति सर्लाहीले तयार गरेको प्रतिवेदनअनुसार सर्लाहीमा बागमती, लखन्देखी, झिमलगायतका नदी तथा त्यसका सहायक खोलाहरू एकादशी, मनुसमारा, सोतीलगायतले जिल्लामा ठूलो भू-भाग र त्यसमा बसोबास गर्दै आएका नागरिकलाई प्रभावित पार्दै आएको छ।

जिल्लाको बलरा नगरपालिका, रामनगर गाउँपालिका, धन्कौल गाउँपालिका, बसवरिया गाउँपालिका, विष्णु गाउँपालिका, गोडैता नगरपालिका, कौडेना गाउँपालिका, ब्रह्मपुरी गाउँपालिका र मलङ्गवा नगरपालिकामा यी नदीले बालीनालीमासमेत ठूलो क्षति पुर्‍याउने गरेको विगतको तथ्याङ्क छ। वर्षौंदेखि स्थानीयलाई दुःख दिँदै आएका यस्ता खोला तथा खहरेको क्षति आँकलन गरेर गरिने पूर्वतयारीमा स्थानीय तह भने मौन बस्ने गरेका छन्।

जनप्रतिनिधिसमेत हरेक वर्षा नागरिकको गाँस र बास गुमेपछि राहतको ललिपप बोकेर निर्लज्ज भएर गाउँ आउने गरेका बरहथवा नगरपालिका-५ का दिनेश महतोले गुनासो गर्नुभयो। केही वर्ष पहिलासम्म खुला भएर बग्ने आफ्नो घर अगाडिको सोती खोलाले पानी परेपछि मच्चाउने वितण्डा सम्झेर उहाँ चिन्तित हुनुहुन्छ। "विगतका वर्षमा नै यो खोला घर उर्लिएर आउँथ्यो", उहाँले भन्नुभयो, "यस वर्ष नगरले विकास गर्ने नाममा आधा खोला पुरेर बाटो बनाएको छ। अब के हुने हो थाहा छैन ?"

**के छ त पूर्वतयारी ?**

स्थानीय सरकार सञ्चालन ऐनले पालिका क्षेत्रमा विपद् व्यवस्थापनको सम्पूर्ण अधिकार र जिम्मेवारी पालिकालाई नै दिएका छ। तर, पालिकाहरू यसतर्फ गैरजिम्मेवार बन्ने गरेको स्थानीयको गुनासो छ। समय रहँदै गर्नुपर्ने सम्भावित जोखिम क्षेत्र पहिचान, नागरिकको जीउधनकै रक्षाका लागि गर्नुपर्ने पूर्वतयारीलाई बेवास्ता गर्ने गरेको जिल्लाको धन्कौल-५, निवासी जितेन्द्रसिं कुशवाहाले बताउनुभयो।

विपद् पूर्वतयारीका नाममा केही पालिकाले गोदाममा त्रिपाल थुपारेर राख्नेबाहेक कुनै काम गरेका छैनन्। यसले विपद्मा परेका नागरिकको पुनःस्थापनाको लागि पर्याप्त नहुने नागरिक समाजका अगुवा चौधरीको भनाइ छ। विपद्को अवस्थामा पीडितहरू स्थानीय तहले गर्ने व्यवहारले थप पीडित बन्ने गरेका उहाँको अनुभव छ। गत वर्ष पानी कम परेको सर्लाहीको दक्षिणी क्षेत्रका बलरा, रामनगर, विष्णु, कौडेनालगायतका पालिकाका सयौँ नागरिक घरबारविहीन बनेका थिए। त्यतिबेला धेरैको बालीनाली बाढी र डुबानमा परेर नष्ट भएको थियो।

यस वर्ष बलरा नगरपालिकाले नागरिक सुरक्षाका लागि सम्पूर्ण तयारी गरेको बलरा नगरपालिकाका प्रमुख रामाशङ्करप्रसाद कुशवाहाले जानकारी दिनुभयो। नगरपालिकाअन्तरगतको १ देखि ५ नम्बरसम्मको वडा प्रभावित हुनसक्ने पूर्वानुमानअनुसार खाद्यान्नसँगै सुरक्षित आवासको पहिचान गरी तयारी गरिएको उहाँको भनाइ थियो। "हामीले नगरअन्तर्गतको विपद् व्यवस्थापन समितिमार्फत तयारी पूरा गरेका छौँ", उहाँले भन्नुभयो, "तत्काल उद्धार गर्नुपर्दा नेपाल प्रहरी र सशस्त्र प्रहरीसँग समन्वय र सहकार्य गर्नेगरी योजना बनाएका छौँ।"

यस पहिला जिल्लास्तरीय विपद् व्यवस्थापन समितिको बैठकमा नगरअन्तरगतको समस्या समाधानको पहल गरेको उहाँले बताउनुभयो। भारततर्फ निर्माण भएको एसएसबी रोडका कारण बागमती नदीको पानी नेपालतर्फ फर्किएर क्षति गर्ने गरेको प्रमुख कुशवाहाले बताउनुभयो। भारतीय पक्षले ड्यामका रुपमा सडक निर्माण गरिदिएपछि विगत तीन वर्षदेखि हरेक वर्ष बलरा नगरपालिकाको पाँच वडा डुबानमा पर्दै आएको उहाँको गुनासो छ।

जिल्ला विपद् व्यवस्थापन समितिले बल्ल साउनेको पहिलो हप्ता बैठक बसेको छ। यस बैठकबाट जिल्लामा देखिएको खानेपानी सङ्कट समाधानको पहिलो पहल सुरु गरेको प्रमुख जिल्ला अधिकारी तुलसीबहादुर श्रेष्ठले जानकारी दिनुभयो। मलङ्गवा नगरपालिका, हरिपुर्वा नगरपालिका, चन्द्रनगर गाउँपालिकालगायतका स्थानमा खानेपानी नहुँदा स्थानीय नागरिक समस्यामा परेको भन्दै बैठकबाट समस्या समाधानको चौतर्फी पहल गर्ने निर्णय गरेको हो।

यस्तै, खडेरीले धान रोप्न नपाएका किसानको राहतको लागि सिँचाइ आयोजनाको व्यवस्थापनको पहल गर्ने तथा कार्यक्षेत्र विस्तारका लागि आग्रह गर्न उहाँले बताउनुभयो। अहिलेसम्म नपरेको पानी एक्कासी अनियन्त्रित रुपमा परे त्यसको व्यवस्थापन कसरी गर्ने योजनामा हुनुहुन्छ भन्ने प्रश्नमा विपद् पूर्वतयारी गरिएको र आवश्यकताअनुसार स्रोत र जनशक्ति परिचालन गरिने उहाँले बताउनुभयो। तथापि जिल्लाका जोखिमयुक्त स्थान, नागरिक र जोखिमको अवस्था आँकलन र स्पष्ट योजना भने बनाउन बाँकी रहेको उहाँको दाबी छ। यस वर्ष मौसम थप सक्रिय भएर वर्षा अधिक हुने प्रक्षेपणले त्यसबाट सिर्जना हुने विपद् जोखिम बढ्ने सहजै अनुमान लगाउन सकिन्छ। तर, त्यसको पूर्वतयारी सोहीअनुसार हुन नसक्नुले विपद्पछिको ठूलो क्षतिको सङ्केत गरेको जानकारहरूको भनाइ छ।

## राजबिराज नगरपालिका

६ नं. वडा कार्यालय
राजबिराज, सप्तरी
मधेश प्रदेश, नेपाल

पत्र संख्या : २०८२/०८३
चलानी नं.: ४४

मिति :-२०८२।०४।०८

विषय :- सुचना प्रकाशित गरिदिने बारे।

श्री .................................

उपरोक्त सम्वन्धमा जिल्ला सप्तरी राजविराज नगरपालिका वडा न. १ हाल वडा न. ७ बस्ने विश्वनाथ साहको छोरा ना.प्र.न. १६३००१/३२४ ललन कुमार साह को मिति २०८२/०४/०६ को दर्ता न. को निवेदन माग हुन आएको हुदा सो सम्वन्धमा विश्वनाथ साहको बुहारी लालन कुमार साह को पत्नी ललिता कुमारी साहको नाममा तपसिल बमोजिमको जग्गा कायम रहेको र मिति २०८२/०२/२३ गते ललिता कुमारी साहको मृत्यु भईसकेकोले उक्त जगगाको हक आपुतली खाने मृतकको पति लालन कुमार साहको नाउँमा सिफारिस गरिदिएमा अरु कसैको हकदाबी ,अंस रहेको भए सो आफु संग भएको सवुत प्रमाण लिई यस वडाका वडा कार्यालयको समयमा ३५ पैंतिस दिन भित्र आई दिनु होला अन्यथा कानुन बमोजिम भई जाने छ।

तपसिल

| क.स. | जिल्ला | गा.वि.स./न.पा. | वडा न. | कित्ता न. | क्षेत्रफल |
|---|---|---|---|---|---|
| १ | सप्तरी | राजविराज | ७ | १३४४ | ०-०-२ |
| २ | सप्तरी | " | ७ | १३४२ | ०-०-४ |
| | | | | | |

शशी कुमार चौधरी
वडा अध्यक्ष

# मनसुन प्रतिकूल बन्दा : धान उत्पादन घट्ने चिन्ता

**प्रगति ढकाल**

काठमाडौं, ९ असार (रासस)।

नेपालको अन्न भण्डारका रूपमा चिनिने मधेस प्रदेशलगायतका क्षेत्रमा यस वर्ष मनसुन प्रतिकूल नहुँदा धान रोपाइँ गम्भीर रूपमा प्रभावित भएको छ। मधेस प्रदेश सरकारको सिफारिसमा सङ्घको मन्त्रिपरिषद्ले उक्त प्रदेशलाई तीन महिनाका विपद् सङ्कटग्रस्त क्षेत्र घोषणा गरिसकेको छ।

यता सरोकारवालहरूले धान उत्पादनमा नै ह्रास आउन सक्ने भन्दै चिन्ता जनाएका छन्। मधेस प्रदेशअन्तर्गत भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका अनुसार हालसम्म मधेस प्रदेशमा जम्मा ४७ प्रतिशतमात्र रोपाइँ सम्पन्न भएको छ। कृषि तथा पशुपन्छी विकास मन्त्रालयअन्तर्गत कृषि विभागका अनुसार गत वर्ष यही समयमा मधेसमा करिब ८० दशमलव छ प्रतिशत रोपाइँ सम्पन्न भइसकेको थियो। यस प्रदेशमा तीन लाख ७२ हजार ६४५ हेक्टरमा रोपाइँ हुने गर्छ। विभागका अनुसार साउन ४ गतेसम्म मुलुकभर ७२ दशमलव १४ प्रतिशत रोपाइँ भएको छ। गत वर्ष सोही अवधिमा ८४ दशमलव छ प्रतिशत रोपाइँ सम्पन्न भइसकेको थियो।

मधेस प्रदेशअन्तर्गत भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका प्रवक्ता डा सरोज चौधरीले वर्षा हुन नसक्दा धानको बीउ डढ्न थालेको, भइसकेको रोपाइँसमेत सिँचाइ नपाएर सुक्न थालेको बताउनुभयो। "अहिले मधेसका फाँट हेर्दा सुक्खा देखिन्छन्, वर्षा नहुँदा आधा प्रतिशत पनि रोपाइँ सकिएको छैन", उहाँले भन्नुभयो, "सुक्खाको समस्या कसरी सम्बोधन गर्न सकिन्छ भनेर प्रयास गरिरहेका छौँ।"

राष्ट्रिय धान अनुसन्धान कार्यक्रमका संयोजक डा मथुरा यादवले साउनको २०-२२ गतेसम्म पनि राम्रो वर्षा हुन नसकेको खण्डमा उत्पादनमा १५ देखि २० प्रतिशत ह्रास आउने बताउनुभयो। "उत्पादन बढाउन समयमा नै रोपाइँ सम्पन्न गर्नुपर्छ, रोपाइँ सम्पन्न भएपछि पनि समय समयमा धानले सिँचाइ पाउनुपर्छ", उहाँ भन्नुहुन्छ, "तर नेपालका अधिकांश स्थानमा आकाशकै पानीको भरमा सिञ्चित गर्नुपर्ने अवस्था छ, आवश्यक परेका बेला वर्षा भएको छैन। मधेसको अवस्था हेर्दा अब नै धान उत्पादन घट्ने देखिन्छ, अझै वर्षा भएन भने उत्पादनमा बढी ह्रास आउन सक्छ।"

बालीविद् डा डिल्लीराम शर्माले पनि मधेस क्षेत्र धान उत्पादनको हब नै रहेको भन्दै मधेसमा सुक्खाका कारण धानको उत्पादनमा असर पर्ने सम्भावना रहेको बताउनुभयो। "धानको बीउ सुकिसकेको छ। रोप्न नपाएपछि अनि बीउ छिप्पिँदै जान्छ र छिप्पिएको बीउ रोप्दा पनि उत्पादनमा कमी आउँछ। रोपेरमात्र पनि भएन सिँचाइको राम्रो सुविधा आवश्यक पर्छ", उहाँले भन्नुभयो, "भविष्यमा पनि यस्तै समस्या आउन सक्छ। तसर्थ सुक्खा क्षेत्रमा लगाउन सकिने बालीबारे अनुसन्धान गर्नुपर्छ र अब वैकल्पिक बालीबारे सोच्नुपर्छ।"

जल तथा मौसम विज्ञान विभागअन्तर्गत हावापानी विज्ञान महाशाखा (हावापानी विश्लेषण शाखा)को तथ्याङ्कानुसार मनसुन अवधिमा मुलुकभर एक हजार ४०० मिलीमिटर सरदर वर्षा हुने गरेकामा हालसम्म करिब पाँच सय मिलीमिटर अर्थात् मनसुन अवधिमा हुने वर्षाको ३४ दशमलव नौ प्रतिशत वर्षा भएको छ।

विभागले उपलब्ध गराएको जनकपुर, सिमरा,र रु विराटनगर, पोखरालगायतका वर्षा मापन केन्द्रको तथ्याङ्क हेर्दा यी मापन केन्द्रमा औसतभन्दा कम वर्षा भएको छ। "जनकपुरमा मनसुन सुरू भएयता २० प्रतिशत वर्षा भएको छ। जनकपुरमा मनसुन अवधिमा औसत एक हजार १०० मिलीमिटर वर्षा हुने गर्छ", शाखाले उपलब्ध गराएको तथ्याङ्कमा उल्लेख छ।

जलस्रोत तथा सिँचाइ विभागको तथ्याङ्कानुसार करिब २५ लाख ३० हजार हेक्टर सिँचाइयोग्य जमिनमध्ये हालसम्म करिब १५ लाख हेक्टरमा सिँचाइ सुविधा उपलब्ध गराउनेगरी सिँचाइको संरचना निर्माण गरिएको छ। तर करिब एकतिहाइ भूमिमा मात्र वर्षभरि सिँचाइ सुविधा उपलब्ध हुनसकेको तथ्याङ्कमा उल्लेख छ।

**अकासे पानीकै भरमा मधेसमा ५१ प्रतिशत रोपाइँ**

मधेस प्रदेशअन्तर्गत भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका प्रवक्ता डा चौधरीले मधेस प्रदेशको कुल खेतीयोग्य जमिनको ४९ प्रतिशत जग्गामा मात्र सिँचाइ सुविधा रहेको जानकारी दिनुभयो। उहाँका अनुसार सिँचाइको मुख्य स्रोत नदी, तलाउ, बाँध, नहर, स्यालो ट्यूबवेल र डिपबोरिङ रहेको छ।

"तर अहिले भएका कतिपय नहरबाट पनि पानी पाउँदैन। अन्नको मुख्य भण्डार रहेको मधेस प्रदेशमा सिँचाइ आयोजनालाई प्राथमिकता नदिए आगामी दिनमा यस्तै समस्या भोग्नुपर्छ", उहाँले भन्नुभयो, "अधिकांश किसान आकाशबाट पानी कहिले पर्ला अनि रोपाइँ गरौँला भनेर बस्नुपर्ने बाध्यता छ।"

कृषि तथा पशुपन्छी डायरी, २०८१ अनुसार हाल कृषि क्षेत्रले राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनको २४.१ प्रतिशत योगदान पुर्‍याउनुको साथै ५०.४ प्रतिशत जनसङ्ख्यालाई रोजगारी प्रदान गर्दै आएको छ। मधेस प्रदेशमा नेपालमा खेती गरिने कुल जग्गाको १६.२५ प्रतिशत जग्गामा खेती हुने गरेको मन्त्रालयको तथ्याङ्कमा उल्लेख छ।

यस प्रदेशमा जम्मा पाँच लाख ४२ हजार ५८० हेक्टर क्षेत्रफल खेतीयोग्य जमिने छभने जम्मा पाँच लाख दुई हजार २२४ हेक्टर क्षेत्रफलमा खेती हुने गरेको छ। जसमध्ये कुल तीन लाख ६२ हजार ३४४ हेक्टर जग्गामा बर्खे धानको खेती र २० हजार ८३९ हेक्टर जग्गामा चैते धानको खेती हुने गरेको छ।

बर्खे धानको उत्पादन एक लाख २७० मेट्रिक टन छभने उत्पादकत्व ४.८१ मेट्रिक टन प्रतिहेक्टर रहेको मन्त्रालयको तथ्याङ्मा उल्लेख छ। तथ्याङ्कानुसार यस प्रदेशमा चैते धानको उत्पादन १२ लाख ३७ हजार ४०१ दशमलव नौ मेट्रिक टन र उत्पादकत्व तीन दशमलव ४१ मेट्रिक टन प्रतिहेक्टर छ। मधेस प्रदेश दोस्रो आवधिक योजना, २०८१/८२-२०८५/८६ अनुसार आव २०७९/८० मा मधेस प्रदशको कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान ३५.०२ प्रतिशत छ।

**मनसुनी वायु कमजोर हुँदा कम वर्षा**

जल तथा मौसम विज्ञान विभागअन्तर्गत मौसम पूर्वानुमान माहाशाखाका मौसमविद् डेबिड ढकालले मनसुनी वायु कमजोर हुँदा मधेस प्रदेशलगायत मुलुकका विभिन्न स्थानमा वर्षा कम भइरहेको जानकारी दिनुभयो। "मधेस क्षेत्रमा पानी नै नपरेको त होइन। कतै भारीदेखि अतिभारी वर्षा पनि भएको छ। कतै वर्षा नै भएको छैन। अनि अतिभारी नै वर्षा भए पनि धेरैबेर वर्षा भएको छैन", उहाँले भन्नुभयो, "आगामी तीन दिनको मौसम पूर्वानुमान गर्दा कोशीका पहाड र तराई, मधेस प्रदेशका एकदुई स्थानमा भारी वर्षाको सम्भावना छ। तर थोरै समय पानी पर्दा कृषिमा राहत भने नपुग्न सक्छ। अर्को साता भने राम्रो वर्षा हुने अनुमान छ। तर कहिलेकाहीँ मौसमी प्रणाली परिवर्तन भइदिएर फरक पर्न सक्छ।"

**केन्द्र र प्रदेश सरकारबाट अनुगमन**

कृषि विभागका महानिर्देशक प्रकाशकुमार सञ्जेलले तराईमा सुक्खाका कारण कृषिमा देखिएको असर पत्ता लगाउन र समस्या समाधानमा के गर्न सकिन्छ भनेर अनुसन्धान गर्न मधेस प्रदेशमा अनुगमन भइरहेको जानकारी गराउनुभयो। "सुक्खा कारण रोपाइँलाई असर गरिरहेको छ, रोपाइँ सकिए पनि सिँचाइ हुन सकिरहेको छैन। तसर्थ हामी अहिले मधेस प्रदेशमा अनुगमनमा आएका छौँ", राससससँग टेलिफोन वार्तामा उहाँले भन्नुभयो, "मधेस प्रदेशमा सुक्खाका कारण देखिएको समस्याबारे छिट्टै हामी प्रतिवेदन तयार गर्नेछौँ।"

मधेस प्रदेश सरकारले यही असार २६ गते मधेस प्रदेशलाई सुक्खा क्षेत्र घोषणा गरेपश्चात प्रदेश सरकारअन्तर्गत भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले रोपाइँ अवस्था तथा सुक्खा क्षेत्रको प्रारम्भिक स्थलगत निरीक्षणसम्बन्धी समिति बनाएको थियो। समितिले प्रदेशका आठवटै जिल्लामा टोली परिचालन गरी असारसम्मको अवस्थालाई मध्यनजर गर्दै प्रारम्भिक प्रतिवेदन सार्वजनिक गरेको छ।

स्थलगत निरीक्षणको क्रममा सतही सिँचाइबाट (मुख्य नदी र त्यसका नहरबाट) सिञ्चित हुने जिल्लामध्ये सप्तरी-कोशी तथा चन्द्र नहर, रौतहट-बागमती तथा झाँज नहर, सर्लाही बागमती तथा मनुषमारा सिँचाइ, बारा र पर्सा-गण्डक नहर पाइएको थियो। त्यसैगरी, सिरहा र धनुषाका केही पालिकामात्र कमला नहरबाट सिञ्चित हुने र बाँकी अधिकांश पालिकाहरू भूमिगत सिँचाइबाट (स्यालो तथा डिपट्युबवेल) सिञ्चित हुने गरेको प्रतिवेदनमा उल्लेख छ।

महोत्तरीमा रातु खोला रहेता पनि भूमिगत सिँचाइ (स्यालो तथा डिप ट्युबवेल) नै सिँचाइको मुख्य स्रोत रहेको पाइयो। सतही सिँचाइको व्यवस्थापन, मर्मत तथा निर्माण हुनुपर्ने, भूमिगत डिप ट्युबवेलहरूलाई सञ्चालनयोग्य बनाउने पहलको आवश्यकता रहेको, भूमिगत सिँचाइको गहिराइसम्बन्धी अध्ययन गराई दीर्घकालीन सिँचाइ प्रणालीको व्यस्थापन हुन जरुरी रहेको प्रतिवेदनमा उल्लेख छ। कृषि प्रणालिमा केही परिवर्तन गर्नुपर्ने, छरुवा विधिबाट धान रोपाइँ, सुक्खा जातका धानहरूको पवर्द्धन तथा प्रदर्शन, बाली लक्षित सहुलियतको व्यवस्था राहत प्रदान गर्नुपर्ने प्रतिवेदनको सुझाव छ।

**गत वर्ष धान उत्पादनको अवस्था**

मन्त्रालयले उपलब्ध गराएको तथ्याङ्कानुसार गत वर्ष ५९ लाख ५५ हजार ४७६ मेट्रिक टन धान उत्पादन भएको थियो। अघिल्लो वर्ष (२०८० साल)को तुलनामा गत वर्ष (२०८१) मा चार दशमलव ०४ प्रतिशतले धान उत्पादनमा वृद्धि भएको थियो।

विसं २०८१ मा कोशी प्रदेशमा १४ लाख ६६ हजार ५१८ मेट्रिक टन, मधेस प्रदेशमा १४ लाख ८० हजार ८३० मेट्रिक टन, बागमती प्रदेशमा चार लाख ९८ हजार ६३२ मेट्रिक टन, गण्डकी प्रदेशमा तीन लाख ७९ हजार ३२ मेट्रिक टन, लुम्बिनी प्रदेशमा १३ लाख ६४ हजार ३१ मेट्रिक टन, कर्णाली प्रदेशमा एक लाख ३० हजार १९१ मे.टन र सुदूरपश्चिम प्रदेशमा छ लाख ३६ हजार २१२ मेट्रिक टन धान उत्पादन भएको थियो।

अघिल्लो वर्ष (विसं २०८०) को तुलनामा गत वर्ष (२०८१) मा उत्पादन वृद्धिदर कोशी प्रदेशमा दुई दशमलव १६ प्रतिशत, मधेस प्रदेशमा १० दशमलव ७ प्रतिशत, लुम्बिनी प्रदेशमा ४ दशमलव ०६ प्रतिशत, सुदूरपश्चिम प्रदेशमा ६ दशमलव १९ प्रतिशत रहेको थियो। तर बागमती प्रदेशमा एक दशमलव १३ प्रतिशत, गण्डकी प्रदेशमा रु ३ दशमलव २२ प्रतिशत, कर्णाली प्रदेशमा १० दशमलव तीन प्रतिशतले उत्पादनमा ह्रास आएको थियो।

## *वीरगञ्ज नाकाबाट...*

लाख मूल्य बराबरका ३६ थान विद्युतीय जिप, कार र भ्यान आयात भएका छन्। यो नाका हुँदै रु ४३ करोड दुई लाख मूल्य पर्ने एक हजार ८२१ थान विद्युतीय मोटरसाइकल आयात भएका छन्।

प्रमुख भन्सार प्रशासक लामिछानेका अनुसार रु १२ करोड छ लाख मूल्य पर्ने दुई सय एक किलोवाटदेखि ३०० किलोवाट क्षमताका १६ थान विद्युतीय जिप, कार र भ्यान पनि आयात भएका छन्।

# विश्व समाचार

## मणिपुरमा जारी राष्ट्रपति शासन थप छ महिनाका लागि बिस्तार

नयाँदिल्ली, ९ साउन (रासस/एएफपी)।

मणिपुरमा पहिलेदेखि नै लागू गरिएको राष्ट्रपति शासनलाई १३ फेब्रुअरी २०२६ सम्म लम्ब्याउने वैधानिक प्रस्ताव पेश भएको छ।

भारतको केन्द्र सरकारको प्रस्तावमा भारतीय संसद्ले मणिपुर राज्यमा राष्ट्रपति शासन छ महिनाका लागि बढाउने निर्णयलाई अनुमोदन गरेको हो। यो आदेश सन् २०२५ अगस्त १३ देखि लागू हुनेछ।

यस सम्बन्धमा राज्यसभाले एक सूचना जारी गरी भनेको छ, "यो सदन संविधानको धारा ३५६ अन्तर्गत मणिपुरको सम्बन्धमा राष्ट्रपतिले जारी गरेको घोषणालाई सन् २०२५ अगस्ट १३ देखि ६ महिनाको लागि निरन्तरता दिने प्रस्तावलाई अनुमोदन गर्दछ।"

एन बिरेन सिंहले मुख्यमन्त्रीपदबाट राजीनामा दिएपछि मणिपुरमा फेब्रुअरी १३ मा राष्ट्रपति शासन लगाइएको थियो। राज्यमा सन् २०२३ को मे देखि नै जातीय द्वन्द्व चर्किरहेको छ। अहिलेसम्म त्यहाँ स्थायी शान्ति स्थापना हुन सकेको छैन।

## गाजामा विश्वकै 'सबैभन्दा' खराब मानवीय अवस्था छ : अस्ट्रेलियाली प्रधानमन्त्री

क्यानबेरा, ९ साउन (रासस/सिन्ह्वा)।

अस्ट्रेलियाका प्रधानमन्त्री एन्थोनी अल्बानिजले गाजाको मानवीय अवस्थालाई खराब र विनाशको रूपमा वर्णन गर्दै इजरायललाई यस क्षेत्रमा सहायताको अवरोध तुरुन्तै रोक्न आह्वान गर्नुभएको छ।

शुक्रबार एक विज्ञप्तिमा अल्बानिजले गाजाको अवस्था विश्वको 'सबैभन्दा' खराब भएको बताउनुभएको हो।

"गाजा मानवीय विपत्तिको चपेटामा रहेको अवस्थामा इजरायलले सहयोग गर्न अस्वीकार गरेपनि पानी र खानाको पहुँच खोज्ने बालबालिका लगायत नागरिकहरूको हत्याको रक्षा गर्न वा बेवास्ता गर्न नसकिने उहाँले बताउनुभयो।

उहाँले इजरायललाई अन्तर्राष्ट्रिय कानुन अन्तर्गत आफ्ना दायित्वहरूको पालना गर्न आह्वान गर्दै संयुक्त राष्ट्रसङ्घ (यूएन) र गैरसरकारी संस्थाहरूलाई आफ्नो जीवन बचाउने काम गर्न अनुमति दिन र प्यालेस्टिनीको जबरजस्ती विस्थापनको प्रस्ताव त्याग्न आग्रह गर्नुभएको छ।

फ्रान्सका राष्ट्रपति इमानुएल म्याक्रोंले सेप्टेम्बरमा संयुक्त राष्ट्र महासभामा फ्रान्सले प्यालेस्टिनी राज्यलाई औपचारिक रूपमा मान्यता दिने घोषणा गरेको केही घण्टापछि उक्त विज्ञप्ति जारी गरिएको हो।

उहाँले अस्ट्रेलियाले युद्धविरामलाई सहज बनाउनका लागि सबै अन्तर्राष्ट्रिय प्रयासहरूलाई समर्थन जारी राखेको छ र इजरायली र प्यालेस्टिनी जनता 'अन्तर्राष्ट्रिय मान्यता प्राप्त सीमा' भित्र शान्ति र सुरक्षामा बस्न सक्ने भविष्यका लागि प्रतिबद्ध रहेको बताउनु भएको छ।

निर्दोषको जीवन रक्षा गरी गाजाका जनताको पीडा र भोकमरी अन्त्य गर्न अहिले सबै प्रयासहरु गरिनु पर्ने उहाँले बताउनुभएको छ। अस्ट्रेलियाले सोमबार फ्रान्स सहित २७ अन्य देशहरूसँग मिलेर गाजामा युद्धको तत्काल अन्त्यका लागि आह्वान गरेको छ।

## पाकिस्तानमा रहेका अफगान शरणार्थीलाई निर्वासनको डर

इस्लामाबाद, ९ साउन (रासस/एएनआई)।

पाकिस्तानमा रहेका अफगान शरणार्थीहरूमा भिसा सेवा रोकिएसँगै जबरजस्ती निर्वासन र प्रहरीद्वारा चरम उत्पीडनको डर रहेको टोलो न्यूजले जनाएको छ।

टोलो न्यूजका अनुसार पाकिस्तानले पञ्जीकरणको प्रमाण (पिओआर) कार्डको मान्यता रद्द गरी अफगान नागरिकलाई कानुनी रूपमा पाकिस्तानमा रहन गाह्रो बनाएको छ। अफगान शरणार्थीलाई लक्षित गरी पाकिस्तानको सामूहिक निर्वासनको चलिरहेको अभियानकै बीचमा पुनः यस्तो निर्णय आएको हो।

"इस्लामाबादमा रहेका शरणार्थीका लागि कठिन परिस्थिति सिर्जना गर्दै पक्राउ गर्नु र भिसा सेवा बन्द गरी भिसा नविकरण नहुनुले कठिनता बढेको अफगानहरुले बताएका छन्।

पाकिस्तानी अधिकारीहरूको पीओआर कार्डहरू नवीकरण नगरिने सङ्केतसहितको विज्ञप्तिपछि शरणार्थीहरुमा थप डर र अनिश्चितता उत्पन्न भएको जनाइएको छ।

टोलो न्यूजले निर्वासनको प्रक्रिया अन्तरगत हजारौं अफगानहरूलाई उनीहरूको सामान सङ्कलन गर्न तथा व्यक्तिगत सम्पत्तिको रक्षा गर्ने पर्याप्त समय नदिई निष्कासन गरिएको रिपोर्ट गरेको छ।

"पाकिस्तानको यस्तो कार्यले अर्को मानवीय सङ्कट निम्त्याउन सक्ने औंल्याउदै अन्य देशहरूले पनि यस्तो प्रवृती पछ्याउन थालेको शरणार्थी अधिकारकर्मी मोहम्मद खान तालेबी मोहम्मदजाईले बताउनुभएको छ।

पाकिस्तानका अतिरिक्त इरानले पनि अफगानहरूको निर्वासन गर्न जारी राखेको छ। टोलो न्यूजका अनुसार सन् २०२३ देखि पाकिस्तान र इरानबाट ठूलो सङ्ख्यामा अफगान नागरिकहरू जबरजस्ती फिर्ता गरिएको छ।

मानब अधिकारका लागि संयुक्त राष्ट्रसङ्घीय उच्चायुक्त भोल्कर तुर्कले 'कसैलाई पनि आफ्नो पहिचान वा व्यक्तिगत इतिहासका कारण उत्पीडनको जोखिम रहेको देशमा फिर्ता पठाउनु नहुने बताउनुभएको छ।

तुर्कको टिप्पणीको प्रतिक्रियामा अफगानिस्तानको इस्लामिक इमिरेटका उप प्रवक्ता हमदुल्ला फितरातले संयुक्त राष्ट्रसङ्घको दावीलाई अस्वीकार गर्दै आप्रवासीहरूले द्वन्द्व वा प्रतिशोधात्मक व्यवहारको सामना नगर्ने र यदि त्यस्ता घटनाहरू देखा परेमा सरकारले अनुसन्धान गर्ने बताउनुभएको छ।

टोलो न्यूजले आधिकारिक स्रोतहरूलाई उद्धृत गर्दै अक्टोबर २०२३ देखि २० लाखभन्दा बढी अफगान आप्रवासीहरूको जबरजस्ती फिर्तीको पुष्टि गरेको छ।

# नेपालले महिलाहरुलाई सहभागिता गराउने तथा सशक्तिकरण गर्ने सवालमा चाडै सफलता पाएको छ : मन्त्री साह




**दैनिक समाचारदाता**
**काठमाडौं, ९ साउन ।**

महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्री नवलकिशोर साहले महिला सहभागिताको विषयलाई लैङ्गिक समानताको रुपका साथै परिवर्तनको प्रत्याभूतीका दृष्टिकोणले समेत महत्व दिनु आवश्यक रहेको बताएका छन् ।

शुक्रबार काठमाडौंमा आयोजित एक कार्यक्रममा बोल्दै उनले विश्वका अन्य कैयौं मुलुकको दाजोमा नेपालले महिलाहरुलाई सहभागिता गराउने तथा सशक्तिकरण गर्ने सवालमा चाडै सफलता पाएको उल्लेख गरे ।

अहिले अधिकार र सबलीकरणको क्षेत्रमा क्रियाशिल महिलाहरुको संख्या निकै बढीरहेकोमा खुशी व्यक्त गर्दै उनले लैङ्गिक विभेद, महिला हिंसामा न्युनिकरणका साथ साथै राज्यका हरेका अंगमा महिलाहरुको नेतृत्व स्थापित गर्नेमा सहयोग पुऱ्याउने विश्वास व्यक्त गरे ।

आफू नेतृत्वको मन्त्रालयले झण्डै ७० प्रतिशत महिलालाई हेर्नु पर्ने जिम्मेवारी रहेपनि कुल बजेटको १ प्रतिशत भन्दा कम बजेटको भरमा काम गरिरहनु परेको उनले उल्लेख गरे । यसका लागि अन्य मन्त्रालयहरुसँग समेत समन्वयका साथ अघि बढ्न सके काममा अझै उपलब्धी प्राप्त हुने र यसका लागि पनि आफू प्रयासरत रहेको उनले बताए ।

महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयकी सचिव लक्ष्मी कुमारी बस्नेतको अध्यक्षतामा आयोजित कार्यक्रममा मन्त्रालयकी सहसचिव आभाश्रेष्ठ कर्णले कार्यक्रमको उद्देश्य बारे प्रकाश पारेकी थिइन् । कार्यक्रममा विभिन्न मन्त्रालयका सचिव तथा सरोकारवालाहरुले आ-आफ्नो धारणा राखेका थिए ।

# कांग्रेसद्वारा कृषकका समस्या समाधानमा सरकारको ध्यानाकर्षण

काठमाडौं, ९ साउन (रासस) ।

नेपाली कांग्रेसले मधेस प्रदेशमा खानेपानीको अभाव, सिँचाइको समस्या, किसानले समयमा मल र बीउ नपाएकालगायत विद्यमान समस्या तत्काल समाधान गर्न सरकारको ध्यानाकर्षण गराएको छ ।

सभापति शेरबहादुर देउवा निवास बूढानीलकण्ठमा पार्टीका पदाधिकारी र पूर्वपदाधिकारीको शुक्रबार बसेको बैठकमा कृषिमन्त्री रामनाथ अधिकारीले कृषि क्षेत्रको पछिल्लो अवस्था बारेमा 'ब्रफिङ' गर्नुभएको थियो । कांग्रेसले तीनै तहका सरकार मिलेर मधेस प्रदेशमा देखिएको खानेपानी र सिँचाइको समस्या समाधान गर्नुपर्ने, मल र बीउको नियमित आपूर्ति गर्नुपर्ने सुझाएको सहमहामन्त्री जीवन परियारले जानकारी दिनुभयो ।

बैठकमा कांग्रेसबाट प्रतिनिधित्व गर्नुहुने अन्य मन्त्रीहरूले आआफ्नो मन्त्रालयले गरेका कामका बारेमा ब्रिफिङ गर्नुभएको थियो । त्यस्तै महामन्त्री विश्वप्रकाश शर्माले रुपन्देहीमा निकट भविष्यमा हुने उपनिर्वाचन र मतदाताको अवस्थाका बारेमा अवगत गराउनुभएको थियो ।

बैठकमा सङ्घीय सरकारका मन्त्री हेरफेर हुनेसम्बन्धी सार्वजनिक भएको विषयका सम्बन्धमा कुनै छलफल नभएको सहमहामन्त्री परियारले बताउनुभयो । सभापति देउवाको अध्यक्षामा भएको बैठकमा पार्टीका वर्तमान पदाधिकारी र पूर्वपदाधिकारीको उपस्थिति थियो । शुक्रबारको बैठकमा संसद्मा विराधीन विधेयकका सम्बन्धमा समेत छलफल भएको थियो ।

नैनं छिन्दन्ति शस्त्राणि नैनं दहति पावकः ।
न चैनं क्लेदयन्त्यापो न शोषयति मारूतः ।।

शोक संदेश



अत्यंत दुख के साथ सूचित किया जाता है की मेरी धर्मपत्नी
गंगा देवी मुंधड़ा
अपनी सांसारिक यात्रा पूर्ण करके
दिनांक: 23-07-2025 दिन बुधवार को
प्रभु चरणों में लीन हो गई है। उनकी आत्मिक शांति के लिए

।। श्राद्ध कार्यक्रम ।।
दिनांक: 02 अगस्त 2025 (शनिवार) - एकादशा
दिनांक: 03 अगस्त 2025 (रविवार) -द्वादशा
दिनांक: 03 अगस्त 2025 (रविवार) -टीका एवं पगड़ी (संध्या ४:३० बजे)

शोकाकुल :
पति- श्री गोवर्धन जी मुंधड़ा
पुत्र – मनोज कुमार मुंधड़ा, निर्मल कुमार मुंधड़ा
भतीजा- द्वारकादास, बैजनाथ, पुरसोत्तम, जगन्नाथ, महेंद्रनाथ, पवन, राजेश, संजय एवं भिकूलाल
पौत्र – अखिल मुंधड़ा
पौत्रि- निकिता, जया, हर्षा, बिशाखा एवं समस्त मुंधड़ा परिवार

समस्त कार्यक्रम:
निज निवास राजबीराज

# तस्करीका सामानसहित मेहता पक्राउ






**दैनिक समाचारदाता**
**राजविराज, ९ साउन ।**

भारतबाट तस्करी भई आउँदै गरेको रंगपेन्ट्स तथा पानी तान्ने मोटर लगायतका सरसामानसहित प्रहरीले एक जनालाई पक्राउ गरेको छ ।

जिल्ला प्रहरी कार्यालय सप्तरीबाट खटिएको प्रहरी टोलीले शुक्रबार चेकजाचका क्रममा राजविराज ४ स्थित कुनौली मोड नजिकबाट रंगरोघन पेन्ट्स तथा पानी तान्ने मोटरसहित सप्तरीको डाक्नेश्वरी नगरपालिका ९ बस्ने २४ वर्षिय विष्णुकुमार मेहतालाई पक्राउ गरेको हो ।

मेहताले तस्करीका लागि प्रयोग गरेको प्रदेश १-०२-०४१प८७६५ नं. को मोटरसाइकलसमेत नियन्त्रणमा लिएको छ । बरामद सामानको १ लाख ७८ हजार मुल्याङ्न गरिएको प्रहरी नायब उपरिक्षक जितेन्द्र कुमार बस्नेतले जानकारी दिए ।

उक्त अवैध मालसामान र मोटरसाइकलसहित मेहतालाई आवश्यक कारवाहीका लागि राजविराज भन्सार कार्यालय चलान गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# भाइको खुकुरी प्रहारबाट दाइको मृत्यु

**दैनिक समाचारदाता**
**सिरहा, ९ साउन ।**

सिरहाको गोलबजार नगरपालिका ३ स्थित मुसहर्नियाँमा बिहीबार बेलुका भाइको खुकुरी प्रहारबाट दाइको ज्यान गएको छ ।

२५ वर्षीय श्याम सदाले घरायसी विबादका क्रममा झगडा छुटचाउन आएका आफ्ना ३५ वर्षीय दाइ मोतीराम सदालाई खुकुरी प्रहार गरेका हुन् ।

छातीमा गम्भीर चोट लागेका मोतीरामलाई उपचारका लागि लहान प्रादेशिक अस्पताल लगिएकामा चिकित्सकले मृत घोषणा गरेका थिए ।

इलाका प्रहरी कार्यालय गोलबजारका प्रहरी निरीक्षक गोविन्दप्रसाद साहका अनुसार घटनापछि आरोपी श्याम फरार छन् र उनको खोजी भइरहेको छ । शव परीक्षणका लागि अस्पतालमा राखिएको छ । प्रहरीले घटनाबारे थप अनुसन्धान गरिरहेको जनाएको छ ।

लामखुट्टेबाट सर्ने रोगबाट बचौं।

- लामखुट्टेको टोकाईबाट औलो (मलेरिया), डेंगी, कालाजार, जापानीज इन्सेफलाइटिस जस्ता संक्रामक रोग लाग्न सक्दछ।

त्यसैले, लामखुट्टेको टोकाईबाट बच्नः

- घर वरिपरी पानी जम्न नदिऔं,
- घर तथा गोठ वरिपरी सफा सुग्घर राखौं,
- गोठ तथा खोर घरभन्दा टाढा राखौं,
- पुरा बाहुला भएको कपडा लगाऔं,
- सुत्दा झुल लगाएर मात्र सुतौं,
- झ्याल तथा ढोकामा लामखुट्टे पस्न नदिन जाली लगाऔं ।

"लामखुट्टेको टोकाईबाट बचौं र बचाऔं।"

नेपाल सरकार
विज्ञापन बोर्ड

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शंखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com,* **वेवसाइट** *: rajbirajdainik.com.np*